अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु परशुराम उपाध्याय, मन प्रसाद भट्ट, धर्म बहादुर मल्ल, मनोज धामी, जगत बहादुर मल्ल, रतन बहादुर शाही र धनदेवी छत्याल (शाही) मु.नं (०७९-CR-००८८) फैसला मिति २०८०/११/३०	सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी पुर्याई भ्रष्टाचार गरेको।	**आयोगको माग दावी** •**सोरु गाँउपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत परशुराम उपाध्याय, सब-इन्जिनियर मनोज धामी र सब-इन्जिनियर जगत बहादुर मल्ललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) तथा दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा बिगो रु.१५,४४,९३०।३६ (अक्षेरुपी पन्ध्र लाख चवालिस हजार नौ सय तिस रुपैया छत्तिस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १९(२) बमोजिम सजाय हुन,**सोरुकोट खौलाचौर फिल्ड निर्माण उपभोक्ता समितिका अध्यक्ष रतन बहादुर शाही, सचिव धर्म बहादुर मल्ल र कोषाध्यक्ष धनदेवि छत्याल(शाही) लाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो रु.१५,४४,९३०।३६ (अक्षेरुपी पन्ध्र लाख चवालिस हजार नौ सय तिस रुपैया छत्तिस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको सजाय हुन र **सोरु गाँउपालिका वडा नं.६ का तत्कालीन वडा अध्यक्ष मन प्रसाद भट्टलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको सजाय हुन मागदावी मागदावी लिइएको देखिन्छ। **अदालतको फैसला** •प्रतिवादी मनोज धामी र जगत बहादुर मल्लले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) बमोजिमको कसूर गरेको देखिंदा बिगो रु.७,९०,८६०।७५ को निज प्रतिवादीहरुलाई दामासाहीले जनही रु.१,५८,१७२।१५ कायम भई सोही बिगो बमोजिम जरिवाना र जनही ३(तीन) महिना कैद हुने, प्रतिवादीहरु रतन बहादुर शाही, धर्म बहादुर मल्ल र	**फैसलाः** प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** •आयोगको प्राविधिक प्रतिवेदनले तथा मुचुल्काहरुबाट ढुँङ्गाको सुख्खा पर्खाल निर्माण नगरेको भन्ने देखिए तापनि तत्काल ढुँङ्गा र काम गर्ने व्यक्तिहरु उपलब्ध नभएकोले केही समय पछि बनाएको हो भनि प्रतिवादीहरुले लिएको जिकिरलाई निजका साक्षीको बकपत्रबाट समर्थित भएको र पर्खाल निर्माणको फोटो समेत पेश गरेको देखियो। •प्रतिवादीहरु परशुराम उपाध्याय र मन बहादुर भट्ट प्राविधिक ज्ञान भएको व्यक्ति नभएको, प्राविधिक इन्जिनियर र सब-इन्जिनियरबाट पेश हुन आएका कार्य सम्पन्न प्रतिवेदन तथा निजहरुद्वारा स्वीकृत गरेको बिलभरपाई हेरी भुक्तानी दिने तथा सिफारिस गर्ने सम्मको अधिकारी भएकोले निजहरुको मिलेमतो तथा बदनियत अन्य सबुद प्रमाणबाट पुष्टि हुन	•जिल्ला मुगु, सोरु गाउँपालिका वडा नं.०६ स्थित सोरुकोटमा सो गा.पा.बाट रु.२९,००,०००/- र रतन बहादुर शाही अध्यक्ष रहेको खौलाचौर फिल्ड निर्माण उपभोक्ता समितिबाट रु.४,३५,०००/- व्यहोर्ने गरि गा.पा.को केन्द्र सोरुकोटमा कार्यक्रम र खेलकुदको लागि फिल्ड निर्माण मिति २०७६/०३/०१ देखि शुरु गरी मिति २०७६/०७/०१ सम्ममा सम्पन्न गर्ने भनी उक्त उपभोक्ता समिति र गाउँपालिकाको बीचमा मिति २०७६।०३।१९ मा सम्झौता भएको देखिन्छ। कार्य सम्पन्न गर्ने मितिले १(एक) पछी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्राविधिक सहितको टोली मिति २०७७/०७/२३ को स्थलगत निरिक्षणको लागि गएकोमा सुख्खा पर्खाल निर्माण भएको देखिदैन, फिल्डमा नापजाँच गर्दा ५८३१.६० घनमिटरको काम नगरी सोको प्रति घनमिटर ११५।– का दरले रु ७,५४,०६९।६१ रकमको काम नै नगरी भुक्तानी गरेको देखिन्छ भन्ने समेत व्यहोराको प्रतिवेदन रहेको छ। प्रतिवादीहरुले अनुसन्धानको क्रममा तथा अदालतमा रिटनिङ वालको काम पुरा भएको थिएन रनिङ्ग बिलको आधारमा भुक्तानी दिए लिएको हो भनी स्वीकार रही बयान गरेको देखिन्छ। प्रतिवेदक तथा मुचुल्काका साक्षीहरु मेघनाथ सापकोटा,पूर्ण बहादुर गरुङ्ग,दिपेन्द्र कुमार खत्री,जिवनकुमार वि.सी. र लोक बहादुर शाही समेतले मौकाका प्रतिवेदन तथा मुचुल्काको व्यहोरा समर्थित हुनेगरी अदालत समक्ष उक्त रिटनिङ्ग वाल निर्माण भएको थिएन भनी बकपत्र गरेको देखिन्छ। उल्लिखित मिसिल संलग्न सबुद प्रमाणहरुले प्रतिवादीहरुले रिटनिङ वाल नै निर्माण नभएको अवस्थामा उक्त वालको ५८३१.६० घनमिटर बराबरको प्रति घनमिटर रु.११५।– का दरले रु.७,५४,०६९।६१ को कार्यसमेत भएको भनी गलत नापी किताव,कार्य सम्पन्न प्रतिवेदनसमेत बनाई भुक्तानीको लागि सिफारिस गरी भुक्तानी दिने लिने कार्य गरेको पुष्टि भई रहेको अवस्थमा प्रस्तुत मुद्दाको उजुरी परी मुद्दा दायर भइसके पछि कसुरबाट बच्नको लागि उक्त वाल निर्माण भइसकेको भनी लिएको प्रतिवादीहरुको जिकिर लाई आधार लिई मिसिल संलग्न सबुद प्रमाणहरुको मुल्याङ्कन नगरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिंदा बदर भागी छ। •स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ को उपदफा (२) मा प्रमुख प्रशासकीय अधिकृतको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भनी उल्लेख गरी सोही उपदफाको देहाय खण्ड (ग) मा "अध्यक्ष वा प्रमुखको निर्देशनमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा,कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने" भनि स्पष्ट रुपमा उल्लेख गरेको देखिंदा योजनाहरुको निरीक्षण र अनुगमन गर्ने गराउने दायित्व प्रमुख प्रशासकीय अधिकृतको रहेको देखिन्छ भने प्रतिवादी परशुराम उपाध्याय प्रमुख प्रशासकीय अधिकृत जस्तो जिम्वार पदिय दायित्वमा रहेको व्यक्तिले प्राविधिक कर्मचारीहरुले पेश गरेको र स्वीकृत गरेको प्रतिवेदन र बिलभरपाईको आधारमा मात्र कार्य सम्पन्न भए नभएको नहेरी भुक्तानी दिने गैह्र जिम्वार पदिय दायित्व निजको होइन। त्यसै गरि वडा अध्यक्ष मन बहादुर विष्ट को हकमा पनि सोही ऐनको दफा १६ को उपदफा (४) देहाय खण्ड ग.मा वडा अध्यक्षको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भनी सो खण्ड (४) मा "वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने,सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने गराउने" भनि स्पष्ट रुपमा उल्लेख गरेको देखिंदा योजना तथा कार्यक्रमहरुको निरीक्षण र अनुगमन गर्ने दायित्व स्पष्ट तोकीदिएको अवस्था छ। यसरी ऐनले नै स्पष्ट रुपमा पदिय दायित्व तोकीएको अवस्थामा प्रतिवादीहरु परशुराम उपाध्याय र मन बहादुर भट्ट

			धनदेवी छत्याल (शाही)ले सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेकोले बिगो रु.७,९०,८६०।७५ को दामासाहीले जनही रु.१,५८,१७२।१५ जरिवाना भई सबै प्रतिवादीहरुबाट बिगो रु.७,९०,८६०।७५ को दामासाहीको दरले बिगो असूल उपर हुने एवं निज प्रतिवादीहरु उपरको मेसीनरी वालतर्फको वादी दावी पुग्न नसक्ने र प्रतिवादीहरु परशुराम उपाध्याय तथा मनप्रसाद भट्ट उपरको आरोपदावी वस्तुनिष्ठ प्रमाणले पुष्टि हुन नसकी निज प्रतिवादीहरुले आरोपदावीबाट सफाई पाउने ठहर भई विशेष अदालतबाट फैसला भएको अवस्था छ।	नआएको।	प्राविधिक ज्ञान भएको व्यक्ति नभएको, प्राविधिक इन्जिनियर र सव-इन्जिनियरबाट पेश हुन आएका कार्य सम्पन्न प्रतिवेदन तथा निजहरुद्वारा स्वीकृत गरेको बिलभरपाई हेरी भुक्तानी दिने तथा सिफारिस गर्ने सम्मको अधिकारी भएकोले निजहरुको मिलेमतो तथा बदनियत मिसिल संलग्न सवुद प्रमाणबाट पुष्टि हुन नआएको भन्ने आधार लिई नभए नगरेको कार्य समेत भएको भनी नापी किताबमा चढाई तथा चढाउन लगाई गलत नापी किताव,कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता समितिको विल तयार गरी गर्न लगाई गैरकानूनी लाभ लिने बदनियत राखि आरोपित कसुर गरेको मिसिल संलग्न सवुद प्रमाणबाट पुष्टि भई रहेको अवस्थामा उक्त प्रमाणहरुको मुल्याङ्कन नै नगरी भएको उल्लेखित फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटि पूर्ण रही बदर भागी छ। •जिल्ला मुगु, सोरु गाउँपालिका वडा नं.०६ स्थित खौलाचौर फिल्ड निर्माण मिति २०७६/०३/०१ देखि शुरु गरी मिति २०७६/०७/०१ सम्ममा सम्पन्न गर्ने भनी उपभोक्ता समिति र गाउँपालिकाको बीचमा सम्झौता भएको देखिन्छ। उक्त सोरु गा.पा. वडा नं.०६ स्थित सोरुकोटमा निर्माण भएको फिल्डको सम्बन्धमा सव-इन्जिनियर मनोज धामीले तयार पारेको सव-इन्जिनियर जगत बहादुर मल्लले चेकजाँच गरेको र प्रमुख प्रशासकीय अधिकृत परशुराम उपाध्यायले सदर गरेको, कुल रकम रु.२७,४१,२०६.३१७ बराबर Earth Work in Excavation कार्यको मिति २०७६/०७/०६ गतेको पहिलो नापी किताब र सोही मितिको रु.३,०४,३४४/- बराबर Field Retaining Wall (रिटनिङ वाल) निर्माण कार्यको दोश्रो नापी किताब रहेको देखिन्छ। आ.व.२०७६/०७७, मिति २०७६/०७/०७ गतेको निर्माण उपभोक्ता समिति सोरु ६ लाई रु.२६,०४,१४६/- भुक्तानी गरिएको गोश्वारा भौचरको प्रमाणित प्रतिलिपी सहितको च.नं.४३८, मिति २०७८/०९/२३ गतेको पत्रको प्रतिलिपी रहेको देखिन्छ। सोरु गाउँपालिका, वडा नं.०६ सोरुकोट स्थित खौलाचौर फिल्ड निर्माण कार्यमा माटो कटिङ्ग तर्फ कम भएको कामको रु.७,९०,८६०।७५ र हुदै नभएको सुख्खा पर्खाल (Rubble Dry Masonry Wall) को रु.७,५४,०६९।६१ गरि कुल जम्मा रु.१५,४४,९३०।३६ बराबरको फिल्डमा नभएको कार्य समेत नापी किताबमा चढाई भुक्तानी लिने दिने कार्य गरि सोरु गाँउपालिकालाई हानीनोक्सानी पुऱ्याएको भनी स्थलगत प्राविधिक प्रतिवेदनहरु,स्थलगत मुचुल्का तथा प्रतिवेदकहरु समेतको अदालत समक्ष गरेको बकपत्र समेतले पुष्टि गरेको अवस्थमा उक्त प्रमाणहरुलाई प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम प्रमाण ग्रहण गर्नुपर्नेमा उक्त प्रमाणहरुको मुल्याङ्कन नगरी प्रतिवादीहरु परशुराम उपाध्याय र मन प्रसाद भट्टलाई आरोपदावीबाट नै सफाई हुने ठहर गरी भएको विशेष अदालतको फैसला त्रुर्टीपूर्ण रहि बदरभागी रहेको छ। •अतः माथि विवेचित आधार र कारण समेतबाट प्रतिवादीहरु मनोज धामी,जगत बहादुर मल्ल,रतन बहादुर शाही,धर्म बहादुर मल्ल र धनदेवी छत्याल (शाही), लाई आरोप मागदावी बमोजिमको बिगो कायम नगरी र प्रतिवादीहरु परशुराम उपाध्याय र मन प्रसाद भट्टलाई सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम बिगो तथा कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ।